निर्वाचन आयोग नेपाल २०२२

प.सं. च.नं./Ref:

मिति २०७६-०५-२९

## राजनीतिक दल दर्ता र मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्वन्धी
## प्रेस विज्ञप्ती

१. नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता भएका वा सोही ऐनको दफा १० बमोजिम एकीकरण भई वा गाभिई नयाँ नाममा दर्ता भएका दलहरुलाई सम्वत् २०७६ साल मंसिर १४ गते हुने प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यको उपनिर्वाचन प्रयोजनको लागि नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दल दर्ता हुन २०७६ भाद्र मसान्तसम्म यस आयोगमा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को **अनुसूची-१२ बमोजिमको ढाँचामा** निवेदन दिनु हुन २०७६/५/१६ मा गोरखापत्रमा सूचना प्रकाशन भएको थियो। उक्त प्रकाशित सूचना अनुसार आज मिति २०७६/०५/२९ गते सम्म नौ वटा राजनीतिक दल यस आयोगमा दर्ता भैसकेका छन्। सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनको लागि यस आयोगमा दर्ता नभएका राजनीतिक दल, एकीकरण भई वा गाभिई नयाँ नाममा दर्ता भएका दल र २०७४ सालको निर्वाचन पछि यस आयोगमा दर्ता हुन आएका राजनीतिक दलहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७६ भाद्र मसान्तसम्म दल दर्ता गरी उपनिर्वाचनको कार्यमा सहयोग गरिदिनु हुन आयोग पुनः अनुरोध गर्दछ।

<u>देहाय</u>

**दल दर्ताको लागि संलग्न गर्नुपर्ने कागजातहरू :-**

(क) दलको विधान, नियमावली, घोषणापत्र, निर्वाचन चिन्हको नमूना र सोको विद्युतीय प्रति,

(ख) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि,

(ग) आ.व. २०७४/०७५ सम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदन, तर

(१) आर्थिक वर्ष २०७४/७५ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा एकीकरण वा गाभिनु पूर्वका दलको विवरण समेत देखिने गरी तयार गरिएको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(२) आर्थिक वर्ष २०७५/७६ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा साविकमा अलग अलग रहेका दलको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(घ) दलको प्रमुख पदाधिकारी बाहेक अधिकार प्राप्त व्यक्तिले निवेदन दिने भएमा प्रमुख पदाधिकारीले दिएको त्यस्तो अधिकारपत्र ।

साथै सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनको लागि दर्ता भई वार्षिक लेखा परीक्षण प्रतिवेदन बुझाउन बाँकी रहेका राजनीतिक दलले आ.व. २०७४/०७५ सम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदन मिति २०७६ भाद्र मसान्तसम्म कान्तिपथ, काठमाडौंस्थित यस आयोगमा अनिवार्य रूपमा बुझाई सहयोग गरिदिनु हुन समेत अनुरोध छ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

२. २०७६ मङ्सीर १४ गते प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका रिक्त सदस्य पदहरुका लागि हुने उपनिर्वाचन प्रयोजनको निम्ति उपनिर्वाचन हुने ३७ जिल्लाका १५४ वडामा २०७६ असोज १ गते देखि २०७६ असोज ५ गते सम्म सम्बन्धित वडाका मतदाताहरुलाई आ-आफ्नो वडा कार्यालयमा रहने सहायक नामदर्ता अधिकारीको कार्यालयमा सम्पर्क गरी मतदाता नामावलीमा रहेका त्रुटी सच्याउने, उजुरी दिने, दोहोरो नाम हटाउने, मृत्यु भएका, नागरिकता रद्द/त्याग गरेका मतदाताहरुको नाम हटाई अन्तिम मतदाता नामावली तयार गर्न मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम सञ्चालन हुन गइहेकोले सो कार्यमा सहभागी भई सहयोग गर्नु हुन आयोग सबैमा सरोकारवाला सँग अनुरोध गर्दछ।

गिरिजा शर्मा
प्रवक्ता एवं सह-सचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np